# ।प्र.मं.प.वै.सं. १९/२०७५ को निर्णय उतार

## देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. १९/५६-२०७५।०४।२२ को प्रस्ताव "प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. १९/५७-२०७५।०४।२२ को प्रस्ताव "जग्गा प्रशासन तथा नाप नक्सा सम्बन्धमा ब्यबस्था गर्ने सम्बन्धी विधेक तर्जुमा गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने "- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. १९/५८-२०७५।०४।२२ को प्रस्ताव "प्रादेशिक औद्योगिक व्यवसाय सञ्चालन एवं व्यवस्थापन विधेयकको मस्यौदा तर्जुमा गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. १९/५९-२०७५।०४।२२ को प्रस्ताव "प्रदेश राष्ट्रिय वनको संरक्षण, सम्वर्द्धन एवं व्यवस्थापन गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. १९/६०-२०७५।०४।२२ को प्रस्ताव "नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) एवं अन्य प्राकृतिक स्रोत साधन व्यवस्थापन सम्वन्धी विधेयकको मस्यौदा तर्जुमा गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. १९/६१ -२०७५।०४।२२ को प्रस्ताव "भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ७ अर्न्तगतका देहायका निकायहरु देहायको स्थानमा राख्न स्वीकृति दिने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. १९/६२-२०७५।०४।२२ को प्रस्ताव "प्रदेश प्रहरीको सञ्चालन, नियमन र व्यवस्थापन सम्वन्धी विधेयकको मस्यौदा तर्जुमा गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

८. भौतिक विकास तथा पूर्वाधार मन्त्रालयका माननीय मन्त्रीज्यू को ठाडो प्रस्ताव "प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी विधेयक, प्रदेश जलश्रोत सम्बन्धी विधेयक, प्रदेश सार्वजनिक सडक ब्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न भौतिक ब्यवस्था तथा पूर्वाधार विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने "- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

९. सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको ठाडो प्रस्ताव "सामाजिक संघ संस्था (संचालन तथा व्यवस्थापन) विधेयकको मस्यौदा तर्जुमा गर्न सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने "- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

१०.माननीय मुख्यमन्त्रीज्यूको ठाडो प्रस्ताव "यस प्रदेश का विभिन्न मन्त्रालयवाट माग भई आए बमोजिमका संगठन संरचना हेरफेर र कर्मचारी दरवन्दीमा थपघट भै प्रस्ताव आएकोमा सो प्रस्ताव स्वीकृतिका लागी नेपाल सरकारमा अनुरोध गर्ने "